त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि/वागवानी र पशु चिकित्सा स्नातक तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना।

प्रकाशित मिति: २०८१/०६/१९ गते।

शैक्षिक वर्ष २०८१/०८२ को लागि यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा सञ्चालन हुने कृषि/वागवानी (B.Sc.Ag./Hort.) र पशु चिकित्सा (B.V.Sc & A.H.) विषयको स्नातक तहको भर्नाको लागि प्रवेश परीक्षा उत्तिर्ण गरी योग्यता सूचीमा भएका परीक्षार्थीहरुको भर्ना प्रक्रिया तपसिल वमोजिम हुने व्यहोरा जानकारी गराइन्छ।

१. भर्ना कोटा: मेरिट क्रमाङ्कमा रहेका विद्यार्थीहरुलाई तालिका १ र २ अनुसार कोटाहरुमा भर्ना गरिनेछ।

तालिका १: कृषि/वागवानी स्नातक तहमा भर्नाको कोटासम्बन्धी विवरण

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवा | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | रामपुर | गौरादह | नेपाली सेना | जम्मा |
| मेरिट | २७ | २७ | २६ | २६ | १३ | ११९ |
| छात्रा | | | | | | |
| खुला | १ | १ | २ | २६ | १ | ७ |
| दलीत | | | | | १ | १ |
| मुस्लीम | १ | - | - | - | - | १ |
| आदिवासी-जनजाती | १ | २ | २ | १ | १ | ७ |
| मधेसी | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | ५ |
| दलित | - | - | - | १ | - | १ |
| दलित | १ | १ | १ | १ | - | ४ |
| अपाङ्ग | १ | १ | १ | १ | - | ४ |
| मुश्लीम | १ | १ | - | १ | - | ३ |
| थारु | १ | १ | १ | १ | १ | ५ |
| दुर्गम जिल्ला | १ | १ | १ | - | - | ३ |
| अन्य | १ | १ | १ | १ | - | ४ |
| अ.सं. विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | ६० |
| एनेक्स | ५० | ५० | - | - | - | १०० |
| जम्मा | १०० | १०० | ५० | ५० | २४ | ३२४ |
| स्टाफ कोटा | | | | | | |
| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | | | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | | जम्मा |
| सहुलियत शुल्क | १ | | | २ | | ३ |
| पूर्ण शुल्क | १ | | | २ | | ३ |
| जम्मा स्टाफ कोटा | २ | | | ४ | | ६ |

तालिका २: पशु चिकित्सा स्नातक तहमा भर्नाको कोटासम्बन्धी विवरण

| कोटा वितरण | वि.भि.एस्सी.एण्ड ए.एच. |
|---|---|
| क) मेरिट | १७ |
| ख) आरक्षण | |
| छात्राः खुला | २ |
| आदिवासी/जनजाती | १ |
| मधेसीः खुला | १ |
| थारु | १ |
| दलित | १ |
| अपाङ्ग | १ |
| अन्य | १ |
| ग) अध्ययनसंस्थान विकास शुल्क | १५ |
| घ) एनेक्स कार्यक्रमअन्तर्गत | १० जना |
| एनेक्स खुला | ७ |
| स्टाफ कोटा | १ * |
| स्थानिय कोटा | १ * |
| MOU भएका नेपाल सरकारका निकायका मनोनयी | १ * |
| जम्मा संख्या | ५० जना |

** एनेक्स कार्यक्रम अन्तर्गत यस अध्ययन संस्थानसँग MoU भएका नेपाल सरकारको निकायका मनोनयी, स्थानिय कोटा र स्टाफ कोटा खाली भएमा एनेक्स खुल्ला कोटामा समावेश गरिनेछ।*

२. **भर्ना विधि :** विद्यार्थी भर्ना तालिका ३ अनुसार काउन्सेलिङ विधिबाट गरिनेछ। तोकिएको काउसेलिङमा उपस्थित हुन नसकेमा त्यसपछिको (सोही दिन/अन्य तोकिएको दिन) काउन्सेलिङमा उपस्थित भइ रिक्त रहेका कोटाहरुको लागि भर्ना हुन सक्नेछन्। भर्ना कार्यक्रम स्नातकोत्तर भवन, कीर्तिपुरमा सञ्चालन हुनेछ। पशु चिकित्सा विषयको भर्नासम्वन्धी कार्यक्रम पछि प्रकाशन गरिनेछ।

**तालिका ३ : भर्नासम्वन्धी काउसेलिङ र भर्ना समय तालिका**

| ०८१ कार्तिक ४ गते | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| पहिलो | विहान १०:३० बजेभित्र | ११:००-११:१५ | मेरिट नम्बर ००१ देखि १२४ (कृषि/वागवानी) |
| दोस्रो | दिउँसो १२:३० बजेभित्र | ०१:००-०१:१५ | मेरिट नम्बर १२५ देखि २२४ (कृषि/वागवानी) |
| तेस्रो | दिउँसो २:३० बजेभित्र | ०३:००-०३:१५ | मेरिट नम्बर २२५ देखि ३२४ (कृषि/वागवानी) |
| मिति २०८१/०७/०४ गतेको काउन्सेलिङमा तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा अर्को काउन्सेलिङको लागि मिति २०८१/०७/०५ गतेभित्र सूचना प्रकाशित गरिनेछ। | | | |

३. **भर्ना शुल्क सम्वन्धमाः**

भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५००१००१०४०१९००००३" (**IAAS Dean's Office,** A/C no. "**04500100104019000003**) मा रु. ९,२५०।- जम्मा गरी सोको सक्कल भाउचर बुझाउँनु पर्नेछ।

**कृषि तर्फ IDF र Annex शुल्क :** IDF शुल्क कोटामा भर्ना हुन IDF कुल शुल्क रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. १,५०,००० (एक लाख पचास हजार मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ। Annex कोटामा भर्ना हुन एकमुष्ठ रु. ३,००,०००।- (तीन लाख मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ। IDF र Annex शुल्क भर्ना

CamScanner

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

पशुचिकित्सा तर्फ अध्ययन संस्थान विकास शुल्क : IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. २,००,०००।- (दुई लाख मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

४. **स्टाफ कोटामा भर्ना :** स्टाफ कोटाको लागि मिति २०८१/०७/०२ गतेदेखि मिति २०८१/०७/०८ गतेसम्म अध्ययन संस्थानले तोकेको कागजातहरु र फाराम भरी कार्यलय समयभित्र डीन कार्यालयमा बुझाउनु पर्नेछ। भर्ना तालिका मिति २०८१/०७/०९ गतेपछि प्रकाशित गरिनेछ।

५. **भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**
- क. रकम जम्मा गरेको बैंक भाउचर।
- ख. नेपाली नागरिकताको प्रमाणपत्र।
- ग. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र)। १०+२ को Aggregate Transcript नभएको हकमा कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ।
- घ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration card। स्थानान्तरण प्रमाणपत्र त्रि.वि. वा अन्य शैक्षिक संस्थामा बुझाइ सकेको भए स्थानान्तरण प्रमाणपत्र बुझि लिएको सक्कल पत्र वा भर्ना भएको रसिद तोकिएको समयमा बुझाउने पर्नेछ।
- ङ. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
- च. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र।

*द्रष्टव्य: विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको व्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।*

६. **रिक्त कोटामा भर्ना सम्बन्धमा :** नियमित भर्ना प्रक्रियाको अन्तिम दिनसम्ममा कुनै कारणवस कोटाहरु रिक्त हुन आएमा स्वतः IDF कोटामा समावेश गरिनेछन्। उक्त कोटामा भर्ना गर्नका लागि २ दिनको समय दिइ आवेदन माग गरिनेछ। मेरिट क्रमको आधारमा आवेदकहरुमध्येबाट क्याम्पस चयनको अवसर दिइनेछ। भर्ना हुनको लागि सम्बन्धित क्याम्पसको IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्क भन्दा पछाडीको भर्ना नभएका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन।

७. **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क कोटाको भर्ना सकिएपछि त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको रहोवरमा मेरिट सूचीको आधारमा भर्ना प्रकृया सञ्चालन हुनेछ। सूचना सम्बन्धित क्याम्पसबाट प्रकाशित हुनेछ। शिक्षा मन्त्रालय, नेपाल सरकारले तोकेको १०% छात्राबृति कोटा निर्धारित कोटाभित्र समावेश हुनेछ। भर्ना प्रक्रियाका सूचनाहरु र भर्ना गरिएका विद्यार्थीहरुको नामावली अनिवार्य रुपमा एक महिनाभित्र शैक्षिक प्रशासन, डीनको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

८. भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

डा.किशोर चन्द्र दाहाल
नि. डीन एवं संयोजक
भर्ना समिति

CamScanner